# पाठ - 8
## मासिक धर्म र प्रसौति

# الدرس الثامن - نيبالي
## الحيض والنفاس

**मसिक धर्म (हैज़)** : यो त्यस रगतलाई भनिन्छ जुन महिलाको गर्भास्सय बाट बिना कुनै बिरामी वा बिना सुत्केरी प्रत्येक महिना बग्दछ, धेरै जसो यसको गन्ध नराम्रा र रंग कालो हुन्छ ।
**प्रासौत (निफास)** : सुत्केरी पछि गर्भास्सय बाट जुन रगत आउँछ त्यसलाई प्रसौति (निफास) भनिन्छ
मासिक धर्म र प्रसौतको समयमा नमाज पढनु वा ब्रत बस्नु जायज छैन, हजरत आइशा रजियल्लाहु अन्हाको हदीसमा छ कि रसूल ﷺ ले भन्नु भयो

إِذَا أَقْبَلَتِ الحَيْضَةُ، فَدَعِي الصَّلاَةَ، وَإِذَا أَدْبَرَتْ، فَاغْسِلِي عَنْكِ الدَّمَ وَصَلِّي

मासिक शुरु भए पछि नमाज छाडि देउ, र मासिक समाप्त भए पछि रगत धोएर (स्नान गरेर) नमाज पढ  (बुखारी- ३३१, मुस्लिम, ३३३)
र छाडिएको नमाज कजा गर्नु पर्दैन अर्थात अर्को समयमा पढनु पर्दैन, तर ब्रतको कजा गर्नु पर्छ, त्यस्तै मासिक भएकि महिलालाई अल्लाहको घर काअबाको तवाफ गर्नु जायज छैन, र यस्तो अवस्थामा श्रीमान र श्रीमतिको बीच सम्भोग पनि बर्जित गरिएको छ, तर सम्भोग बाहेक अरु तरिकाले माया गर्नु र मज्जा लिनु जायज छ, मासिकको समयमा कुरआन छुनु पनि जायज छैन ।
कुनै नमाजको समयमा नमाज पढने भन्दा पहिले यदि मासिक वा प्रसौत शुरु भयो भने सही कुरा यो हो कि पवित्र भए पछि त्यो नमाज कजा गर्नु पर्छ, र यदि कुनै महिला नमाजको समय सकिने भन्दा मात्र एक रकअत बराबर पहिले पवित्र भएकि हो भने त्यो नमाज पढनु जरुरी हुन्छ, उदाहरण यस्तो हो कि यदि सूर्यास्त भन्दा एक रकअत बराबर पहिले पवित्र भएकि हो भने असरको नमाज पढनु जरुरी हुन्छ र यदि आधि रात भन्दा पहिले पवित्र भएकि हो भने इशाको नमाज पढनु जरुरी हुन्छ ।
यदि ब्रत बस्ने बेलामा मासिक धर्म बग्न थाल्यो भने त्यसको रोजा भँग भई हाल्छ चाहे त्यो सूर्यास्त भन्दा एक छण पहिले किन नहोस र यदि त्यो रमजानको ब्रत हो भने त्यस दिनको ब्रत लाई कजा गर्नु पर्छ अर्थात त्यस रोजा लाई फेरि अर्को समयमा राख्नु पर्छ ।
कुनै महिला मासिक रगत बग्ने अवस्थामा थियो अनि फजर उदयको एक छण पछि त्यो पवित्र भयो भने त्यस दिनको ब्रत सही हुने छैन र यदि फजर उदय भन्दा एक छण पहिले त्यसको मासिक रगत बन्द भयो भने त्यसको  त्यस दिनको ब्रत सही हुन्छ चाहे त्यो स्नान फजर उदय पछि गर्छ भने त्यसको ब्रत सही हुन्छ, जस्तो कि अपवित्र (जुनुबी) मान्छे यदि ब्रतको नियत गरि लिन्छ भने त्यसको ब्रत सही हुन्छ चाहे त्यो फजर उदय पछि स्नान किन न गरोस् ।
मासिक धर्म र प्रसौति महिलाहरुले अल्लाहको स्मरण गर्ने तकबीर तस्बीह प्राथना र खाना खानुमा अल्लाहको नाम लिने आदि कुराहरु गर्न पाउँछिन यसै गरि कुरआनको तिलावल सुन्नु र हदीस वा अरु इस्लामी किताबहरु पढनुमा कुनै आपत्ति छैन त्यसै गरि कुरआन लाई बिना हाथ लागाई त्यसतै पढनुमा पनि कुनै आपत्ति छैन ।
र रगत रुक्नुको साथै महिला पवित्र भइहाल्छ, तर स्नान गर्नु जरुरी हुन्छ, र स्नान गरे पछि त्यस माथि बर्जित गरिएको सबै कुराहरु जस्तै नमाज पढनु ब्रत बस्नु कुरआन लाई छुनु सबै पुन जायज भइहाल्छन् ।